नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

# परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु

पत्र संख्या : ०७९/०८०
च.नं. : ५२८

मितिः २०८०/०२/२१

बिषयः सम्झौता सम्बन्धमा ।

**श्री छनौट भएका सेवाग्राही/लाभग्राही सबै**

प्रस्तुत विषयमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तुको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **नयाँ मत्स्य पोखरी निर्माण, धान बीउ उत्पादन, मसिना वासनादार तथा रैथाने जातका धान खेती बिस्तार सहयोग** कार्यक्रमहरुको लागि मिति २०८०/०२/१२ गते बसेको प्राविधिक समितिको बैठकको सिफारिस बमोजिम परियोजना कार्यान्वयन एकाइबाट छनौट भएका कृषि समूह/सहकारी/समिति/निजि उधमीहरु आदीको छनौंट भएका ब्यक्तिहरुले आवश्यक कागजात सहित मिति २०८०/०२/२२ गते देखि २०८०/०२/२४ गते सम्म सम्झौंता गर्नुहुन अनुरोध छ ।

आवश्यक कागजातहरु

१. रु. १०/- को टिकट टाँस सहित सम्झौता गरिपाउँ भन्ने निवेदन ।

२. प्रोपराईटर/अध्यक्षको नागरिकताको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साईजको फोटो-१/१ थान ।

३. समूह/सहकारी/समितिको हकमा कार्यक्रम संचालन सम्बन्धी संस्थागत निर्णय तथा सम्झौंताको लागि अधिकारनामा निर्णयको प्रतिलिपि ।

४. समूह/सहकारी/समिति आदीको दर्ता प्रमाण-पत्रको प्रतिलिपि र पाना नं. को प्रतिलिपि तथा आ.व. २०७८/०७९ को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।

५. जग्गा धनी लालपूर्जाको नोटरीबाट प्रमाणित प्रतिलिपि (जग्गा करारमा लिएको भए कम्तिमा ५ वर्षको करारनामा सहितको नोटरी प्रमाणित प्रतिलिपि)।

६. सम्बन्धित कार्यक्रम संचालनको लागि अनुमानित ईष्टिमेट ।

७. सम्बन्धित स्थानिय तहको कृषि विकाश शाखा/पशु सेवा शाखा को आ.व. २०७९/०८० मा सम्बन्धित कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने ब्यहोरा लेखिएको सिफारिस पत्र ।

८. सम्पूर्ण कागजातहरु सक्कल बमोजिम नक्कल ठिक छ भनि प्रमाणित गरि फाईलिङ्ग साथ पेश गर्नु पर्नेछ ।

Chaudhary
...............
चौधरी (कुर्मी)
वरिष्ठ कृषि अधिकृत